०१०-५२०४१२
०१०-५२१०५६

श्री

# धादिङ जिल्ला अदालत

धादिङ

(प्रशासन शाखा)

धादिङ जिल्ला अदालत धादिङ

पत्र संख्या : ०८०/८१

चलानी नं. : ००२११०

## दोभाषे सेवाको लागि सूचीकृत हुने सम्वन्धी सूचना ।

मिति:२०८०।११।०१

यस अदालतमा सेवा लिन आउने विभिन्न मातृभाषा बोल्ने र राम्रोसंग नेपाली भाषा बोल्न र बुझ्न नसक्ने सेवाग्राहीहरुका लागि न्यायमा समान पहुँच पुऱ्याई दोभाषे मार्फत सम्वन्धित सेवाग्राहीको मातृभाषालाई नेपाली भाषामा र नेपाली भाषालाई मातृभाषामा उल्था गरी सेवा प्रदान गर्ने प्रयोजनार्थ अदालतको काम कारवाहीमा दोभाषे सेवाको प्रयोग सम्वन्धी निर्देशिका, २०७२ को दफा ४ बमोजिमका योग्यता भएका व्यक्तिहरुवाट देहायबमोजिमका भाषामा दोभाषेको रुपमा कार्य गर्नको लागि सूचिकृत हुन ऐ. निर्देशिकाको दफा ६(३) बमोजिम यस अदालतमा दरखास्त दिनुहुन मिति २०८०।१०।२९ को निर्णयानुसार सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

(क) उल्था गर्नु पर्ने भाषा: तामाङ र अंग्रजी

(ख)आवश्यक योग्यता: मौखिक रुपमा उल्था गर्ने भाषा राम्रोसंग लेख्न र बोल्न जान्ने ।

(ग) सरकारी कामकाजको भाषा राम्रोसंग बोल्न र लेख्न जान्ने ।

(घ) निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु:

१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

२) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि

३) सम्वन्धित भाषा जानेको वा तालिम लिएको भए सो समेतका भाषा जानेको खुल्ने कागजात

४) ३ प्रति पासपोर्ट साईजको फोटो

(ङ) पारिश्रमिक तोकिए बमोजिम हुनेछ

(च) दरखास्त दिने अवधि: सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र ।

२०८०।११।०१

शाखा अधिकृत